# संखुवासभा जिल्ला आँखिभुई गा.वि.स. का याख्खा जातिका बालबालिकाहरुको शैक्षिक अवस्था

शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्यांकन विषय अन्तरगत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नको लागि प्रस्तुत

**शोधपत्र**


शोधकर्ता

दीपक कुमार पोखरेल

परीक्षा रोल नं.: २८००७९/२०६३

त्रि.वि.वि. दर्ता नं.: ९-१-२२१-२०-९६



त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग

कीर्तिपुर, काठमाण्डौ

२०६४

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्यांकन विभाग**

**कीर्तिपुर, काठमाण्डौ**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय पाठ्यक्रम तथा मूल्यांकन विषयका छात्र दिपककुमार पोखरेलले मेरो प्रत्यक्ष सुपरिवेक्षणमा रही तयार पार्नु भएको **'संखुवासभा जिल्ला आँखिभुई गा.वि.स. का याख्खा जातिका बालबालिकाहरुको शैक्षिक अवस्था'** विषयको शोधपत्र अन्तिम मूल्यांकनको लागि सिफारिस गर्दछु ।

.......................................

सह. प्रा. नारायण बस्नेत

(शोध निर्देशक)

विश्वविद्यालय क्याम्पस

कीर्तिपुर, काठमाण्डौ

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्यांकन विभाग**

**कीर्तिपुर, काठमाण्डौ**

## स्वीकृति पत्र

**'संखुवासभा जिल्ला आँखिभुई गा.वि.स. का याख्खा जातिका बालबालिकाहरुको शैक्षिक अवस्था'** शीर्षक राखि त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्यांकन विभाग अन्तरगत स्नातकोत्तर तह दोस्रो वर्षका श्री दिपक कुमार पोखरेलले प्रस्तुत गर्नुभएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

| **मूल्यांकन समिति** | **हस्ताक्षर** |
|---|---|
| प्रा. डा. तीर्थराज पराजुली<br>(विभागीय प्रमुख) | ...................................... |
| सह.प्रा. नारायण बस्नेत<br>(शोध निर्देशक) | ....................................... |
| डा. हरि महर्जन<br>(बाह्य परीक्षक) | ................................ |

मितिः २०६४।५।२७

## कृतज्ञता ज्ञापन

प्रस्तुत 'संखुवासभा जिल्ला आँखिभुई गा.वि.स. का याख्खा जातिका बालबालिकाहरुको शैक्षिक अवस्था' शीर्षकको शोधपत्रको प्रस्तावना कार्यदेखि अन्त्यसम्म आफ्नो अमूल्य समय दिइ आवश्यक निर्देशन, सल्लाह, सुझाव एवं प्रेरणा प्रदान गर्नुहुने पाठ्यक्रम तथा मूल्यांकन विभागका सह-प्रा. श्री नारायण बस्नेतज्यू प्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु । शोधपत्र तयारीका क्रममा स्वीकृति प्रदान गरी अनुसन्धान गर्ने अवसर दिनु हुने विभागीय प्रमुख प्रा.डा. तीर्थराज पराजुलीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । समय समयमा विभिन्न सल्लाह सुझाव प्रदान गर्नु हुने विभागका अन्य गुरु-गुरुआमाहरुप्रति धन्यवाद ज्ञापन गर्दछु ।

शोधपत्रका क्रममा आवश्यक सूचनाहरु उपलब्ध गराइ सहयोग पुऱ्याउनु हुने आँखिभुई गा.वि.स. का ४ वटै विद्यालयका प्रधानाध्यापक, शिक्षक-शिक्षिकाहरु, याख्खा अभिभावकहरु, याख्खा विद्यार्थीहरु सम्पूर्णमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । मसंगै अध्ययन क्षेत्रमा गइ तथ्यांक संकलन गर्न सहयोग गर्ने लेखनाथ पोखरेल, विजय पोखरेल (काका), दिदी इन्दिरा जिमी ( याख्खा) र भाइ रामकुमार लिंखालाई साधुवाद दिन चाहन्छु । भौतिक तथा आर्थिक सहयोग गरी उच्च शिक्षा सम्म पढ्ने अवसर दिनु हुने आदरणीय अभिभावक विष्णुप्रसाद पोखरेल र पदमकुमारी पोखरेल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी शोधपत्र लेखन कार्यमा सहयोग गर्नुहुने मेरा सहपाठी मित्रहरु जीवन ढुंगाना, शान्तिराम दाहाल, टेक बहादुर हजाम, इन्दिरा रेग्मी, हिमा पौडेल, सुनिता लुइटेल, डम्बरा मल्ल, नारायण तिम्सिना, किशोर शाह पनि धन्यवादका पात्र हुनुहुन्छ ।

शोधपत्रलाई मुर्तरुप दिन टंकन कार्यमा सहयोग पुऱ्याउने साइबर प्यालेस, कीर्तिपुरका भोला महर्जनलाई धन्यवाद दिन चाहान्छु ।

दिपक कुमार पोखरेल

# शोधसार

नेपाल चार जात छत्तिस वर्णको साझा फूलबारी हो । यहाँ विभिन्न जातजाति, भाषाभाषि, धर्म, संस्कृति बोकेका मानिसहरु बस्दछन् । यिनीहरु मध्येको एउटा याख्खा जाति आफ्नै छुट्टै मौलिकता र संस्कृति भएको जाति हो । अध्ययनकर्ताको याख्खा जातिको बारेमा यो अध्ययनमा केन्द्रित गरिएको थियो । यो अध्ययनको शीर्षक 'संखुवासभा जिल्ला आँखिभुई गा.वि.स. का याख्खा जातिका बालबालिकाहरुको शैक्षिक अवस्था' छनौट गरिएको थियो । यस अध्ययनमा याख्खा बालबालिकाहरुको शैक्षिक सहभागिताको स्थिति ( भर्नादर, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर, विद्यालय उपस्थिति), शैक्षिक उपलब्धि स्तर तथा प्राथमिक विद्यालय सहभागितामा देखिएका पहिचान गर्ने उद्देश्यहरु समावेश गरिएका थिए । अध्ययनका उद्देश्यहरुसंग सम्बन्धित सूचनाहरु संकलन गर्न अन्तर्वार्ता निर्देशिका, विद्यार्थी विवरण फारम तथा घरधुरी सर्वेक्षण फारम जस्ता सूचना संकलनका साधनहरुको निर्माण गरि प्रयोग गरिएको थियो । सूचनादाताहरुको रुपमा अध्ययन क्षेत्रमा २० जना शिक्षक, ४० जना अभिभावकहरु र ४० जना विद्यार्थीहरुलाई छनौट गरिएको थियो । अध्ययन क्षेत्रको रुपमा संखुवासभा जिल्लाको आँखिभुई गा.वि.स. का ४ वटा विद्यालयहरुलाई छनौट गरिएको थियो ।

अध्ययन क्षेत्रका याख्खा बालबालिकाहरुको औसत भर्नादर ५७ प्रतिशत देखियो । त्यसैगरी याख्खा बालबालिकाहरुको कक्षा छाड्नेदर ४.५३ प्रतिशत र कक्षा दोहोऱ्याउने दर १५.७३ प्रतिशत देखियो । याख्खा बालबालिकाहरुले कक्षा छाड्ने र दोहोऱ्याउने कारणहरु बालबालिकाहरु विद्यालयमा बारम्बार अनुत्तिर्ण हुनु, घरको पढ्ने वातावरण उपयुक्त नहुनु, घरको काममा बढी समय दिनु पर्ने, विद्यालयमा नियमित रुपमा पढाइ नहुनु, घरको आर्थिक अवस्था कमजोर हुनु आदि पाइयो । याख्खा बालबालिकाहरुको वार्षिक उपस्थिति दर केटाहरुको ६५.०३ देखि ६९.१४ सम्म देखियो भने केटीहरुको ६४.१३ देखि ६९.०९ प्रतिशत सम्म देखियो । याख्खा छात्र वा छात्राहरुको वार्षिक उपस्थिति दरमा धेरै अन्तर देखिएन । याख्खा बालबालिकाहरु नियमित रुपमा उपस्थित नहुने कारणहरु सानो उमेर, विद्यालय टाढा, घरको कामको व्यस्तता, आर्थिक अभाव, विद्यालयमा पढ्ने वातावरण राम्रो नहुनु आदि देखियो । अध्ययन क्षेत्रका याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि अध्ययन गर्दा ६६.६० प्रतिशत उत्तिर्णदर र ३२.८७ प्रतिशत अनुत्तिर्णदर देखियो भने गैर याख्खाहरुको उत्तिर्णदर ७०.३६ र अनुत्तिर्णदर २६.६९ प्रतिशत देखियो । प्राथमिक विद्यालयमा याख्खा बालबालिकाहरुको शैक्षिक निरन्तरता न्यून रहेको पाइयो । याख्खा बालबालिकाहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु भित्र भाषिक कठिनाइ, पढाइ कमजोर, बालबालिकाहरुको पढाइप्रति अभिभावकहरुले चासो नदिनु, गृहकार्य नियमित नगर्नु, घर परिवारमा निर्देशन गर्ने अभिभावकहरुको अभाव, घर परिवारमा पढ्ने वातावरण नहुनु जस्ता पक्षहरु देखियो । विद्यालयमा याख्खा बालबालिकाहरुको भर्नादर बढाउन, कक्षा छाड्ने र दोहोऱ्याउने दर घटाउन, शैक्षिक उपलब्धिस्तर राम्रो बनाउन तथा शैक्षिक सहभागितामा देखिएका समस्याहरु कम गर्न बालबालिकाहरुका लागि विशेष शिक्षाको व्यवस्था गर्ने, मातृभाषामा प्राथमिक शिक्षा दिने व्यवस्था कार्यान्वयन गर्नुपर्ने, विद्यालयमा छात्रवृत्ति, पोशाक, प्रशंसा र हौसला बढाउने कार्यक्रम संचालन गरिनु पर्ने आवश्यकता देखियो ।

## विषय सूची


| | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | क |
| स्वीकृति पत्र | ख |
| कृतज्ञता ज्ञापन | ग |
| शोधसार | घ |
| **अध्याय एकः परिचय** | **१** |
| १.१ समस्याको कथन | ३ |
| १.२ अध्ययनको उद्देश्यहरु | ५ |
| १.३ अध्ययनको औचित्य | ५ |
| १.४ अध्ययनको सिमाङ्कन | ६ |
| १.५ अनुसन्धानमा प्रयोग हुने शब्दहरुको परिभाषा | ७ |
| **अध्याय दुईः पूर्वसाहित्यको समीक्षा** | ८ |
| २.१ सैद्धान्तिक साहित्यको समीक्षा | ८ |
| २.२ सम्बन्धित साहित्यको समीक्षा | १० |
| २.३ अवधारणात्मक ढाँचा | १४ |
| **अध्याय तीनः अध्ययन विधि** | १५ |
| ३.१ अनुसन्धान ढाँचा | १५ |
| ३.२ सूचना संकलनका स्रोतहरु | १५ |
| ३.२.१ प्राथमिक सूचनाका स्रोतहरु | १५ |
| ३.२.२ द्वितीय सूचनाको स्रोत | १५ |
| ३.३ नमूना छनौट | १६ |
| ३.३.१ क्षेत्र छनौट | १६ |
| ३.३.२ विद्यालय छनौट | १६ |
| ३.३.३ शिक्षक छनौट | १६ |
| ३.३.४ बालबालिका/विद्यार्थी छनौट | १६ |
| ३.३.५ अभिभावक छनौट | १६ |
| ३.४ साधनहरुको निर्माण | १७ |
| ३.४.१ विद्यार्थीको विवरण फारम | १७ |
| ३.४.२ अन्तरवार्ता प्रश्नावली | १७ |

३.४.३ घरधुरी सर्वेक्षण फारम १७
३.४.४ साधनहरुको वैधता निर्धारण १८
३.५ तथ्यांक संकलन प्रक्रिया १८
३.६ तथ्यांकहरुको व्याख्या तथा विश्लेषण १८

**अध्याय चारः तथ्यांकको विश्लेषण तथा व्याख्या** १९
४.१ अध्ययन क्षेत्रको परिचय १९
४.१.१ अध्ययन क्षेत्रका जनसंख्याको अवस्था २१
४.१.२ याख्खा अभिभावकहरुको शैक्षिक अवस्था २१
४.२ प्राथमिक विद्यालयमा याख्खा बालबालिकाहरुको शैक्षिक सहभागिताको स्थिति २२
४.२.१ याख्खा बालबालिकाहरुको भर्नादर २२
४.२.२ याख्खा बालबालिकाहरुको कक्षा छाड्ने दर २३
४.२.३ याख्खा बालबालिकाहरुको कक्षा दोहोऱ्याउने दर २४
४.२.४ अध्ययन क्षेत्रका प्राथमिक विद्यालयका याख्खा बालबालिकाहरुको औसत भर्नादर, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर २५
४.२.५ बालबालिकाहरुको भर्ना, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने बारे शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया २७
४.२.६ याख्खा बालबालिकाहरुले कक्षा छाड्ने र दोहोऱ्याउने कारणहरु २८
४.२.७ प्रााथमिक विद्यालय तहमा याख्खा बालबालिकाहरुको विद्यालय उपस्थिति विवरण २९
४.२.८ याख्खा बालबालिकाहरुको दैनिक उपस्थिति बारेमा शिक्षक अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया ३२
४.३ याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि विवरण ३५
४.३.१ कक्षागत रुपमा याख्खा तथा गैरयाख्खा बालबालिकाहरको शैक्षिक उपलब्धि विवरण ३५
४.३.२ याख्खा तथा गैरयाख्खा बालबालिकाहरुको उत्तिर्ण दर ३७
४.३.३ प्राथमिक विद्यालयमा (१-५ कक्षा) तहमा याख्खा र गैरयाख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि विवरण ३७

४.३.४ याख्खा र गैरयाख्खा बालबालिकाहरुको वार्षिक शैक्षिक उपलब्धि ३८
४.३.५ याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि बारेमा शिक्षक अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया ३९
४.३.६ याख्खा बालबालिकाहरुको शैक्षिक निरन्तरताको अवस्था ४१
४.४ याख्खा बालबालिकाहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु ४३
४.५ घरधुरी सर्वेक्षण फारमबाट प्राप्त सूचनाहरुको विश्लेषण तथा व्याख्या ४५
४.५.१ याख्खा जातिको पारिवारिक स्थिति ४५
४.५.२ याख्खा परिवारको आकार ४६
४.५.३ याख्खा परिवारको पेशागत अवस्था ४६
४.५.४ याख्खा बालबालिकाहरु विद्यालय नजानुका कारणहरु ४७

**अध्याय पाँचः प्राप्ति, निष्कर्ष र सुझावहरु**

५.१ प्राप्तिहरु ४८
५.२ निष्कर्ष ५०
५.३ सुझावहरु ५१

**सन्दर्भग्रन्थहरु**

**अनुसूचीहरु**

# तालिका सूची

पृष्ठ नं.


तालिका नं. ४.१.: मातृभाषाका आधारमा आँखिभूई गा.वि.स. को जनसंख्या २०

तालिका नं. ४.२: अध्ययन क्षेत्रका जनसंख्याको अवस्था २१

तालिका नं. ४.३: याख्खा अभिभावकको शैक्षिक अवस्था विवरण २२

तालिका नं. ४.४: याख्खा बालबालिकाहरुको भर्नादर २२

तालिका नं. ४.५: याख्खा बालबालिकाहरुको कक्षा छाड्नेदर २३

तालिका नं. ४.६: याख्खा बालबालिकाहरुको कक्षा दोहोऱ्याउने विद्यार्थी विवरण २४

तालिका नं. ४.७: अध्ययन क्षेत्रका सम्पूर्ण प्राथमिक विद्यालयका याख्खा बालबालिकाहरुको औसत भर्नादर, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर (२०६३) २६

तालिका नं. ४.८: याख्खा अभिभावकहरुले बालबालिका भर्ना बारेमा दिएको प्रतिक्रिया २७

तालिका नं. ४.९: याख्खा बालबालिकाहरुको भर्नादर सन्तोषजनक भए/नभएको बारे शिक्षकहरुको प्रतिक्रिया २८

तालिका नं. ४.१०: बालबालिकाहरुले कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने कारणहरु बारे शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया विवरण २८

तालिका नं ४.११: विद्यालयगत तथा कक्षागत याख्खा बालबालिकाहरुको उपस्थिति विवरण (२०६३) ३०

तालिका नं. ४.१२: सबै छोरा/छोरीलाई विद्यालय पठाए/नपठाएको बारेमा अभिभावकहरुको प्रतिक्रिया विवरण ३२

तालिका नं. ४.१३: दैनिक रुपमा विद्यालय पठाए/नपठाएको बारेमा अभिभावकहरुको प्रतिक्रिया विवरण ३३

तालिका नं. ४.१४: दैनिक रुपमा बालबालिकाहरु विद्यालय उपस्थित नहुने कारणहरुबारे अभिभावक र शिक्षकहरुको प्रतिक्रिया विवरण ३३

तालिका नं. ४.१५: बालबालिकाहरुलाई विद्यालय नियमित पठाउने परिवारबारे शिक्षकहरुको प्रतिक्रिया विवरण ३४

तालिका नं. ४.१६: कक्षागत याख्खा तथा गैर याख्खा बालबालिक्काहरुको उत्तिर्णदर (२०६३) ३५

तालिका नं. ४.१७: याख्खा तथा गैर याख्खा बालबालिकाहरुको अनुत्तिर्णदर ३७

तालिका नं. ४.१८: विद्यालयगत याख्खा र गैर याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि विवरण (२०६३) ३८

तालिका नं. ४.१९: शैक्षिक उपलब्धि राम्रो/नराम्रो बारे शिक्षक अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया ३९
तालिका नं. ४.२०: शैक्षिक उपलब्धि राम्रो हुने कारणहरुबारे शिक्षकहरुको प्रतिक्रिया ४०
तालिका नं. ४.२१: शैक्षिक उपलब्धि नराम्रो हुने कारणहरु बारे शिक्षकहरुको प्रतिक्रिया ४१
तालिका नं. ४.२२: कक्षा १ बाट क्रमशः २, ३, ४, ५ कक्षामा निरन्तर रुपले उत्तिर्ण हुने विद्यार्थी संख्या ४२
तालिका नं. ४.२३: शैक्षिक सहभागितामा देखिएका समस्याहरु बारे शिक्षक अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया ४४
तालिका नं. ४.२४: याख्खा अभिभावकको परिवारको संख्या ४६
तालिका नं. ४.२५: याख्खा अभिभावकको पेशा ४६
तालिका नं. ४.२६: याख्खा बालबालिका विद्यालय नजानुका कारणहरु ४७